कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौंडा पठाइसकिएको महाशाखा पठाउने छ ।

भरतपुर अस्पतालमा उपचार गराइरहेका २५ र रत्ननगर

फैलिएको डेंगु कार्तिक महिना सकिएपछि विस्तारै नियन्त्रणमा आउने बताएको छ ।

# भरतपुरको सडक गुरुयोजना तयार हुँदै

## नगरभित्रै ७५७ किमी सडक

भरतपुर । भरतपुर उपमहानगरपालिकाभित्र रहने सडकको गुरुयोजना तयार हुँदैछ । गुरुयोजनाअनुसार उपमहानगरपालिकाभित्र 'क', 'ख', 'ग' र 'घ' वर्गका छ मिटरदेखि २४ मिटरसम्म चौडाइका ७५७ किलोमिटर सडक हुनेछ । 'क' वर्गको सडक २४ मिटर, 'ख' वर्गको १६, 'ग' वर्गको नौ र 'घ' वर्गको सडकको चौडाइ छ मिटरको हुनेछ ।

उपमहानगरपालिकाले बुधबार भरतपुरमा आयोजना गरेको कार्यक्रममा प्रस्तावित सडक गुरुयोजनामाथि छलफल र सुझाव संकलन गर्ने कार्य सम्पन्न भएको छ । गुरुयोजना तयारीमा रहेका परामर्शदाता यातायात व्यवस्था विभागका सल्लाहकार पाडा पदमबहादुर शाहीले रणनीतिक सडक सञ्जाल जस्तैः राजमार्ग, हुलाकी मार्ग र भरतपुर मेघौली सडकबाहेक अरूलाई गुरुयोजनामा समेटेको बताए ।

गुरुयोजनाअन्तर्गत भरतपुरमा चक्रपथको परिकल्पना गरिएको छ । चक्रपथ पुलचोक, बाइपास, आँपटारी, ब्रम्हटोल, छिम्केश्वरी, टिकौली चेकपोष्ट, बनदेवीचोक, गणेशचोक, टाँडीचोक, पाण्डेचोक, अन्नपूर्ण डेरीचोक, उज्ज्वलचोक, छितामाइ मन्दिरचोक, वनकट्टा, पदमपोखरीचोक, लाउरेचोक, शिवनगर, मंगलपुर, फुर्तीचोक, शिवघाट, रामघाट हुँदै नदी किनार पुलचोक निस्कने छ ।

प्रस्तावित रिङ रोड २४ मिटर चौडा क्षेत्राधिकारको हुने परामर्शदाता शाहीले जानकारी दिए । ठूला बसहरू चल्न मिल्ने गरेर चक्रपथको अवधारणा ल्याइएको छ । नगरभित्र 'क' वर्गको सडक ७२ किलोमिटर हुनेछ । 'ख' वर्गको १४३ किलोमिटर, 'ग' वर्गको १९८ किलोमिटर र 'घ' वर्गको सबैभन्दा धेरै २६९ गरी कुल ७५७ किलोमिटर सडक निर्माण हुनेछ ।

सडक निर्माणको लागि गुरुयोजनाअन्तर्गत पाँच वर्षको बजेट विनियोजन गरिने छ । सडकको अवस्थाको विवरण कम्प्युटरमा रहनेछ । सबै सडकलाई वैज्ञानिक ढंगको कोड नम्बर दिइने शाहीले जानकारी दिए । जसअनुसार कम्प्युटरमा खोजेर कुन सडक कहाँ पर्छ र अवस्था कस्तो छ भन्ने विवरण तत्कालै लिन सहज हुने उनले बताए ।

गुरुयोजना प्रस्तावकै चरणमा रहेकाले आवश्यक सुझाव दिन नगरवासीलाई उनले अपिल गरे । नगरवासीको सल्लाहअनुरूप प्रस्तावमा सुधार गर्ने भरतपुर उपमानगरपालिकाका कार्यकारी अधिकृत महेश बरालको भनाइ छ । 'सबैले सल्लाह दिनुहोला भन्ने आशा छ । यसलाई नगर परिषद् र स्थानीय विकास मन्त्रालयबाट स्वीकृत गराएपछि मात्रै लागू हुन्छ' कार्यकारी अधिकृत बरालले भने ।

विसं २०३५ सालमा नगर पञ्चायतको रुपमा स्थापना भएको भरतपुर ०४६ सालको राजनीतिक परिवर्तनपछि नगरपालिका भयो । त्यस्तै आसपासका पाँच गाविसहरू मंगलपुर, फूलबारी, गीतानगर, शिवनगर र पटिहानी गाभिएर विसं २०७१ साल मंसिर १६ गतेदेखि उपमहानगरपालिका भएको छ । २४२ वर्ग किलोमिटर क्षेत्रफल रहेको भरतपुरमा एक लाख ९९ हजार ८६७ जनसंख्या छ ।

तीव्र सहरीकरण भएका कारण यातायात सहज बनाउनुका साथै आगलागी नियन्त्रण, प्राकृतिक प्रकोपमा उद्धार र आतंककारी घटना भएमा हुने सुरक्षा कारबाहीलाई समेत ध्यानमा राखेर सडक सञ्जाल तयार गर्नुपर्ने कार्यकारी अधिकृत बरालले बताए । गुरुयोजना लागू भएपछि उपमहानगरपालिकाका लागि त्यही नै सडक मापदण्ड कायम हुने उनले जानकारी दिए ।

# लीला–नर्वदा पुरस्कार रमालाई

भरतपुर । चितवन साहित्य परिषद्ले स्थापना गरेको लीला नर्वदा साहित्य पुरस्कार–२०७३ साहित्यकार रमा शर्मालाई प्रदान गरिने भएको छ ।

परिषद्का कार्यवाहक अध्यक्ष सुरेन्द्र अस्तफलको अध्यक्षतामा बुधबार सम्पन्न बैठकले काठमाडौं बल्खु निवासी नेपाली शिक्षा परिषद्की सचिव समालोचक शर्मालाई प्रदान गर्ने निर्णय गरेको हो ।

परिषद्की सल्लाहकार सरस्वती रिजालले पिता लीलानाथ तिमिल्सिना र माता नर्वदा तिमिल्सिनाको पुण्यस्मृतिमा २ लाख रुपैयाँको कोष खडा गरेर यस वर्ष १० हजार रुपैयाँ नगदसहित उक्त पुरस्कार प्रदान गर्न लागिएको परिषद्का सचिव बालकृष्ण थपलियाले जानकारी दिए ।

पुरस्कार महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको अवसर पारी आगामी कार्तिक १३ गते समर्पण गर्ने बताइएको छ ।

हार्दिक बधाई तथा शुभकामना

'क' वर्गको दैनिक

# कायाकैरन

*Kayakairan Daily Newspaper*

दैनिक समाचार

चि.जि.प्र.का.द.नं.०६६/०६३/०६४ चि.जि.हु.का.द.नं.७

० वर्ष: ११ ० अंक : २५ ० २०७३ साल कात्तिक ११ गते बिहीबार (Thursday 27th October, 2016) (Website:www.khabarchitwa

# ७०४ किमि सडक स्तरोन्नति गर्ने ल

**विप्लव काफ्ले/कायाकैरन**

भरतपुर/भरतपुर उपमहानगरपालिकाले सडकको स्तरोन्नति गर्न नगर यातायात गुरुयोजना निर्माणको कामलाई तीव्र बनाएको छ। नगर क्षेत्रका सडकहरुको प्राथमिकीरकण गर्न गुरुयोजनाको काम अघि बढाएको हो।

भरतपुर उपमहानगरपालिकाका कार्यकारी अधिकृत महेश बरालले भविष्यमा व्यवस्थित सडक सञ्जाल निर्माण गर्न पाँचवर्षे गुरुयोजान बनाउन लागिएको बताए। "गुरुयोजानमा ४ किसिमका सडकहरु प्रस्ताव गरिएको छ", उनले भने, "२४ मिटर, १६ मिटर, ९ मिटर र ६ मिटर न्यूनतम सडक क्षेत्राधिकार कायम गरेर योजना निर्माण गर्न लागेका छौं।" नगरपालिकाले ६ मिटर भन्दा साना सडक आसपासका घरनक्सा पास गर्दैन। उनले गुरुयोजना स्वीकृत भएलगत्तै सोहीअनुसार बजेट विनियोजन गरी सडक विकासमा लागिने बताए।

सरकारले विगतमा जिल्ला यातायात गुरुयोजना बनाएर सडक विकासको योजना अघि बढाएको थियो। सो योजनालाई स्थानीय आवश्यकतालाई लक्षित गर्दै नगरस्तरको योजना बनाउन लागिएको उनले बताए। स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले स्थानीय निकायहरुले आवश्यकताअनुसार स्थानीय योजनाहरु तयार गर्न सक्ने व्यवस्था गरेको छ। मन्त्रालयको २०७१ मंसिर १८ को निर्णयअनुसार नगर यातायात गुरुयोजना बनाउन लागिएको उनले बताए।

गुरुयोजनाले कुन सडक पहिले स्तरोन्नती तथा मर्मत गर्ने भनि प्राथमिकता छनौट गर्नेछ। सोहि अनुसार नगरपरिषदले बजेट विनियोजन गरि विकासको कामलाई अघि बढाउने उनले बताए। बस्ती-बस्तीसम्म सडक सञ्जाल पुगेको नगरका रुपमा भरतपुर उपमहानगरपालिका परिचित छ। गुरुयोजना अनुसार 'क' वर्गका ११ वटा सडकको ७२ किमि, 'ख' वर्गका ४९ वटा सडकको १ सय ४३ किमि, 'ग' वर्गका १ सय २६ वटा सडकको १ सय ९८ किमि, घ वर्गका २ सय ६९ किमि सडकहरु विकासको योजना अघि सारिएको छ।

भरतपुर उपमहानगर क्षेत्रमा मुख्य राजमार्ग तथा सहायक राजमार्गका रुपमा रणनैतीक सडकको कुल लम्बाई ५३ किमि रहेको छ। गुरुयोजनामा यो सडकको विकासलाई समावेश गरिएको छैन। गुरुयोजना अनुसार कुल ७ सय ४ किमि सडकलाई कसरी स्तरोन्नति गर्ने भनी योजना तयार गरिएको नगर यातायात गुरुयोजना निर्माण समुहका विज्ञ प्रा.डा. पदमबहादुर शाहीले

जानकारि दिए।
सडकहरु वर्गिकरण
उनले भने, "गुरु
भर्एपश्चात मापदण्ड
हुनेछ, सोहि अनुसार

नगर क्षेत्रमा
कायम भएकाले नयाँ
नपर्ने देखिएको उ
"गुरुयोजनाले सड
हुनबाट बचाउँछ",
"व्यवस्थित सडक
विकासमा सघाउँछ
उपमहानगरपालिका
अवधारणा ल्या
चक्रपथको लम्बाई
किलोमिटर रहने छ

(क्रमश

# शहिद चो

पारद
Paradarshi National Daily
राष्ट्रि

वर्ष–२१, अङ्क–१८२, पूर्णाङ्क–५००४ | २०७३ साल कात्तिक ११ गते बिहीबार | (27 Oc

# सडक व्यवस्थित गर्न गुरूयोजना

वसन्त ढुंगाना

चितवन, १० कात्तिक । भरतपुर उपमहानगरपालिकाले नगर यातायात गुरूयोजना बनाई सडकलाई व्यवस्थित गर्न लागेको छ ।

सडक सञ्जाल विकासलाई व्यवस्थित गर्ने गरी गुरूयोजना बनाउन लागिएको भरतपुर उपमहानगरपालिकाले जनाएको छ । नगर क्षेत्रभित्र सडक तथा यातायातको पहुँचको अवस्था, निर्माण, मर्मत, सुधार, स्तरोन्ति र पुनर्निर्माण गर्नुपर्ने सडकको माग संकलन, सडक यातायातसँग सम्बन्धित आवश्यक सेवा तथा सुविधाहरूको सान्दर्भिक योजना तयार र भविष्यमा सडकको व्यवस्थित विकास गर्नको लागि गुरूयोजना नै बनाएर अगाडि बढेको भरतपुर उपमहानगरपालिकाका कार्यकारी अधिकृत महेश बराल बताए ।

'नेपाल सरकारले भरतपुर उपमहानगरपालिकालाई यातायात गुरूयोजना बनाएर नगरलाई यातायात सञ्जालसँग जोड्नको लागि प्राथमिकतामा राखेको छ' उनले भने, 'नेपाल सरकारले नै प्राथमिकतामा राखेको गुरूयोजना भएकोले यसैको आधारमा हामी अगाडि बढेका छौं । अबको पाँच वर्षभित्र गुरूयोजना अनुसार सडकहरू निमार्ण हुनेछन् ।' नगरका मुख्य सडक नै साँघुरो हुँदा यात्रा जोखिमपूर्ण बनेको




सञ्जाल बनाउन सह्योग पुग्छ ।' भरतपुर उपमहानगरपालिकाले छ मिटरभन्दा कम सडकहरूमा नक्सापास दिँदैन । भरतपुरमा तीन मिटरभन्दा साना सडक निकै कम रहेको उनले बताए ।

भरतपुर उपमहानगरपालिका भित्र आठ सय ९० किलोमिटर सडक रहेको छ । त्यसमध्ये २४ मिटर चौडा सडक ७२ किलोमिटर, १६ मिटर चौडा सडक एक सय ४३ किलोमिटर, नौ मिटर चौडा सडक एक सय ९८ किलोमिटर, छ मिटर चौडा सडक दुई सय ६९ किलोमिटर र ५३ किलोमिटर राजमार्ग रहेका छन् । गुरूयोजना अनुसार जाने हो

अनुसार काम सम्पन्न गर्न एक अर्ब २२ करोड ४३ लाख ३२ हजार रूपैयाँ खर्चिने योजना बनाइएको छ । कार्यकारी अधिकृत बरालले वर्गीकृत सडकहरूलाई मापदण्ड अनुसार बनाउन सडक बिस्तारको कार्य गरिने बताए । सडक बिस्तार गर्नुपर्ने अवस्था रहेको भन्दै उनले सडक अतिक्रमण भएको ठाउँमा मापदण्ड अनुसार बनेका संरचना भत्काइने बताए ।

उपमहानगरपालिकाले २४ मिटर चौडा सडकलाई क, १६ मिटर चौडा सडकलाई ख, नौ मिटर चौडा सडकलाई ग र छ मिटर चौडा सडकलाई घ मा वर्गीकरण गरेर अगाडि बढेको छ । 'क वर्गका सडकले नगर क्षेत्रको यातायात सेवा

अवधारणा ल्याइएको छ ।

पुल्चोक, आँपटारी चोक, वा
सडक, गणेशस्थान, ब्रह्मट
जखडीमाई, गाईखर्क, टिकौली चेक
बनदेवीचोक, गणेशचोक, टाँडी
पाण्डेचोक, पदमपोखरीच
लाहुरेचोक, शिवनगर, मंग
फूर्तीचोक, शिवघाट, रामघ
पुलचोकसम्म रिङरोड ब
गुरूयोजना अघि सारिएको
रिङरोड ५० किलोमिटरको

यातायात व्यवस्था वि
प्राविधिक सल्लाहकार पदम
शाहीले सडक सञ्जाल विस्ता
सुधार गर्न नगर यातायात गुरु
महत्वपूर्ण हुने दाबी गरे । 'वि
पूर्वाधारमध्ये सबैभन्दा म
पूर्वाधार भनेको सडक हो' उ
'सबै नगरमा यातायात गु
सबैभन्दा पहिलो र मह
विकासको काम हो ।'
उपमहानगरपालिकाका धेरै ठ
सञ्जालले जोडिएको का
सडकलाई बिस्तार गरी अग
हो भने उपमहानगरपालिका
गर्न सहज हुने उनले बताए

प्रस्तावित रिङरोड
सडक र हुलाकी राजमा
बस सञ्चालन गर्नुपर्ने उन
छ । बजार क्षेत्र तथा
जोड्ने, खेतीयोग्य ज
पर्यटकीय क्षेत्र जोड्ने,
जनसंख्याको आधारम